# "नेटवर्क सेवा"को विशेष निर्देशिका

**१. सेवाको किसिमः "नेटवर्क सेवा"**

**२. उद्देश्यः**

२.१ सफ्टवेयर निर्यातकर्ता, इन्टर्नेट, इ-मेल र फ्याक्स मेल सेवा प्रदान गर्ने संस्था, लिज सर्किट लिई दूरसञ्चार सेवा प्रयोग गर्ने शिक्षण संस्थाहरु, बैंक तथा अन्य कार्यालय तथा संस्थाहरुलाई आफ्नो कारोवार सुचारु रुपले संचालन गर्न मौजुदा दूरसंचार संरचनाको कमीबाट असर नपरोस् भन्ने उद्धेश्यले निजी क्षेत्रलाई समेत नेटवर्क एक्सेस प्रदान गर्ने उद्धेश्यले डाटा नेटवर्क सेवा खुला गरिएको छ। यो सेवा हाललाई डाटा कम्युनिकेशनको लागि मात्र सिमित रहने गरी खुला गरिएको छ।

**३. नेटवर्क सेवा प्रदायकः**

३.१ नेपाल अधिराज्यभित्र अन्तर्राष्ट्रिय गेट-वे तथा नेटवर्क स्थापना गरेर सफ्टवेयर निर्यातकर्ता, इन्टर्नेट, इ-मेल र फ्याक्स मेल सेवा प्रदान गर्ने संस्था, लिज सर्किट लिई दूरसञ्चार सेवा प्रयोग गर्ने शिक्षण संस्थाहरु, बैंक तथा अन्य कार्यालय तथा संस्थाहरुलाई अन्तर्राष्ट्रिय स्तरमा डाटा आदान प्रदान गर्न connectivity प्रदान गराउनुका साथै नेपाल भित्र रहेका कर्पोरेट अफिस र यसका शाखा प्रशाखाहरूवीच वा ब्यक्ति विशेषले एक आपसमा डाटा आदान प्रदान गर्न सक्ने सुविधा प्रदान गराउनु डाटा नेटवर्क सेवाको उद्देश्य रहेको छ।

३.२ यस प्रकारको सेवा प्रदानको लागि नेटवर्क तथा गेट-वे आफैंले स्थापना गरी इच्छुक संस्था/ब्यक्तिहरुसंग मनासिव शुल्क लिई यो सेवा प्रदान गर्न सक्नेछ।

३.३ यो सेवा सञ्चालन गर्न तार वा तार रहित माध्यम प्रयोग गर्न पाइनेछ।

३.४ सेवा सञ्चालनको लागि स्थापना गरिने नेटवर्कको व्यवस्था गर्दा आवश्यक परेको वस्तुको लागि सम्बन्धित निकायहरुको स्वीकृति लिनु पर्नेछ।

३.५ यो सेवा प्रदान गर्दा देश बाहिर डाटा आदान प्रदान गर्न परेमा अन्तर्राष्ट्रिय Carrier हरु सित सम्झौता गर्नु पर्नेछ।

**४. निवेदन साथ पेश गर्नु पर्ने विवरणहरुः**

नेटवर्क सेवा संचालन गर्न इच्छुक व्यक्ति/संस्थाले सेवा सञ्चालन गर्न अनुमतिपत्रको लागि निवेदन पेश गर्दा निम्न विवरणहरु अनिवार्य रुपले संलग्न गर्नु पर्नेछ-

४.१ दूरसञ्चारका अन्य अतिरिक्त सेवा सञ्चालन गर्ने सम्बन्धमा प्रकाशित सामान्य निर्देशिकामा उल्लिखित सम्पूर्ण विवरणहरुका साथै दूरसञ्चार नियमावली,

२०५४ को अनुसूची -२ बमोजिमको फाराम भरी रित पूर्वक दरखास्त पेश गर्नु पर्नेछ।

४.२ आफूले सञ्चालन गर्न चाहेको सेवाको नेटवर्कको विवरण (Network Diagram) पेश गर्नु पर्नेछ।

४.३ सेवा सञ्चालन गर्दा ग्राहकसँग लिने सेवा शुल्क प्रष्ट रुपमा खुलाउनु पर्नेछ।

४.४ नेटवर्क सेवा सञ्चालन गर्न इच्छुक निवेदकले गेट वे स्थापना गरी अन्तर्राष्ट्रिय स्तरमा डाटा आदान प्रदान गर्न connectivity प्रदान गर्ने भएमा अन्तर्राष्ट्रिय दूरसञ्चार सेवा प्रदायक (Carrier) संग गरेको सम्झौता वा समझदारी पत्र (MoU) पेश गर्नु पर्नेछ।

**५. डाटा नेटवर्क सेवा सञ्चालकले पालना गर्नु पर्ने शर्तहरुः**

५.१ नेटवर्क सेवा सञ्चालन गर्नको लागि नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र लिनु पर्नेछ।

५.२ नेटवर्क सेवा सञ्चालन गर्नका लागि प्रयोग गरिने नेटवर्क Public Switch Telephone Network/ International Gateway (voice) सँग जोड्न पाइने छैन।

५.३ यस सेवा सञ्चालनमा प्रयोग गरिने उपकरणहरु ITU बाट प्रकाशित विभिन्न राय सुझाव (Recommendation) अन्तर्गत मेल खाने हुनु पर्दछ।

५.४ नेटवर्क सेवा सञ्चालकले Voice सेवा प्रदान गर्न पाइने छैन।

**६. अनुमतिपत्र तथा नवीकरण दस्तुरः**

६.१ नेटवर्क सेवा सञ्चालनको लागि अनुमतिपत्र दस्तुर रु. २५,००,०००।००

६.२ नेटवर्क सेवा सञ्चालनको लागि नवीकरण दस्तुर रु. २२,५०,०००।००

**नोटः** यो सेवा खुला गरेपछि दूरसञ्चार ऐन, २०५३ बमोजिम खुला गरिएका भिस्याट नेटवर्क सेवा तथा स्थानिय डाटा नेटवर्क सेवालाई यो सेवाले प्रतिस्थापन गर्ने भएकोले उक्त दुवै सेवालाई "नेटवर्क सेवा" भनिनेछ।